**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेंद्र मोदी आफ्नो तीन देशहरुको यात्राको अंतिम चरणमा हिजो बेलुकी ओमानको मस्कत पुग्नु भयो।

- केंद्रीय कृषि एव किसान कल्याण मंत्री शिवराज सिंह चौहानले आज सदनमा विकसित भारत- रोजगार अनि आजीविका मिशन (ग्रामीण) गारंटी: विकसित भारत - ग्राम कल्याण विधेयक 2025 मा चर्चाको जवाब दिनुहुनेछ।

- विश्व स्वास्थ्य संगठनको दोस्रो वैश्विक पारंपरिक चिकित्सा सम्मेलनको हिजो नयाँ दिल्लीको भारत मंडपममा उद्घाटन भयो।

- केंद्रीय सूचना अनि प्रसारण राज्य मंत्री डॉ. एल. मुरुगनले भन्नुभयो ओटीटी कंटेंट केन्द्रीय फिल्म प्रमाणन बोर्डे -सीबीएफ सी को अधिकार क्षेत्र भन्दा बाहिर रहनेछ।

- बैडमिंटनमा भारतका सात्विकसाईराज रंकीरेड्डी अनि चिराग शेट्टीको पुरूष डबल्स जोड़ी आजले इंडोनेशियाको फजर अल्फियान अनि मुहम्मद शोहीबुल फिकरीको सामना गर्नेछ।

**प्रधानमंत्री-ओमान**

प्रधानमंत्री नरेंद्र मोदी आफ्नो तीन देशहरुको यात्राको अंतिम चरणमा हिजो बेलुकी ओमानको मस्कत पुग्नु भयो। जॉर्डन अनि इथियोपियाको सफल यात्रापछि उहाँ ओमान पुग्नु भएको हो। मस्कत हवाई अड्डामा ओमानका रक्षा मामिला उप-प्रधानमंत्री सैयद शिहाब बिन तारिक अल सईदले श्री मोदीलाई स्वागत गर्नुभयो। दुइ नेताहरुले विभिन्न क्षेत्रमा भारत-ओमान सहयोगलाई मजबूत गर्न अनि रणनीतिक साझेदारीलाई अघि बढ़ाउने बिषयमा चर्चा गरे। श्री मोदी, ओमानको सुल्तान हैथम बिन तारिकको निमंत्रणमा ओमानको यात्रामा हुनुहुन्छ । आज जब भारत अनि ओमान बीच ऐतिहासिक आर्थिक साझेदारी मुक्त व्यापार समझौता-सीईपीएमा हस्तक्षर गरिनेछ। प्रधानमंत्री मोदी अनि ओमानका सुल्तानको उपस्थितिमा केंद्रीय वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयल अनि ओमानका वाणिज्य, उद्योग एवं निवेश संवर्धन मंत्री कैस अल यूसुफले यस समझौतामा हस्ताक्षर गर्नुहुनेछ। श्री मोदीले एक सोशल मीडिया पोस्टमा भन्नुभयो, ओमान अनि भारत बीच अटूट मित्रता अनि गहिरो ऐतिहासिक संबंध छ। उहाँले भन्नुभयो, यस यात्राले सहयोगको नयाँ मार्ग खोज्नको साथै दुवै देश बीच संबंध अझ बलियो हुनेछ।

**लोकसभा-विकसित भारत जी राम जी विधेयक**

केंद्रीय कृषि एव किसान कल्याण मंत्री शिवराज सिंह चौहानले आज सदनमा विकसित भारत- रोजगार अनि आजीविका मिशन (ग्रामीण) गारंटी: विकसित भारत - ग्राम कल्याण विधेयक 2025 मा चर्चाको जवाब दिनुहुनेछ। लोकसभामा हिजो अबेर रातीसम्म यस विधेयकमाथि चर्चा पुरा नभएसम्म बैठक जारी रह्यो।

नया अधिनियमले बीस बर्ष पुरानो महात्मा गांधी राष्ट्रीय ग्रामीण रोजगार गारंटी अधिनियम, 2005 को स्थान लिनेछ। विधेयकको उद्देश्य वर्ष 2047 सम्म विकसित भारतको राष्ट्रीय भविष्य योजना अनुरूप ग्रामीण विकास ढांचा स्थापित गर्नु हो। योजना अनतर्गत श्रमिकहरुलाई दिइने राशिलका लागि केंद्र सरकार 60 प्रतिशत अनि राज्य सरकार 40 प्रतिशतको योगदान हुनेछ। पूर्वोत्तर अनि हिमालयी राज्यहरुमा यो अनुपात 90 अनि 10 प्रतिशत हुनेछ।

राज्य सरकारले बेरोजगारी भत्ता अनि सहयोग जारी राख्नेछ। यस विधेयकमा लेन-देनका लागि बायोमेट्रिक प्रमाणीकरण, योजना

अनि निगरानीका लागि भू-स्थानिक प्रौद्योगिकी, वास्तविक समय निर्धारणका लागि मोबाइल एप्लिकेशन-आधारित डैशबोर्ड अनि साप्ताहिक सार्वजनिक प्रकटीकरण प्रणालिहरुको प्रावधान गरिएको छ। यस अंतर्गत सबै कार्यहरुलाई विकसित भारत राष्ट्रीय ग्रामीण अवसंरचनामा सामेल गरिने छ, जसले ग्रामीण क्षेत्रमा सार्वजनिक कार्यका लागि एकीकृत राष्ट्रीय ढांचा तयार हुनेछ। जल संबंधी कार्य, मुख्य ग्रामीण अवसंरचना, आजीविका संबंधित अवसंरचना अनि मौसमको विषम स्थितिबाट प्रभाव कम गर्ने अनि आपदा तैयारिको उद्देश्यले विशेष कार्यको माध्यमले जल सुरक्षालाई  विषयगत प्राथमिकता दिइने छ। यस दृष्टिकोणले देशभरिमा उत्पादक, संवहनीय, परिस्थिति अनुकूल अनि परिवर्तनकारी ग्रामीण परिसंपत्तिहरुको निर्माण सुनिश्चित हुनेछ।
लोकसभामा विकसित भारत-जी राम जी विधेयक पेश गर्दै कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानले भन्नुभयो, यस विधेयक गांउहरुमा विकास सुनिश्चित गर्नेछ। उहँल;ए भन्नुभयो, विधेयकमा रोजगारको दिनहरुको गारंटी 100 बाट बढेर 125 दिन गर्ने प्रस्ताव छ। श्री चौहानले भन्नुभयो यस विधेयक महात्मा गांधीको आत्मनिर्भर, विकसित अनि निर्धनता मुक्त गांउहरुको निर्माणको दृष्टिकोणलाई पूरा गर्नेछ।

**(साउंड बाइट शिवराज सिंह चौहान)**

## एसबी - प्रतापराव जाधव

विश्व स्वास्थ्य संगठनको महानिदेशक डॉ. टेड्रोस अधानोम घेब्रेयेससले हजारौ वर्षको चिकित्सा ज्ञानलाई आधुनिक विज्ञान अनि प्रौद्योगिकीसित जोड्ने संगठनको प्रतिबद्धता पुष्टि गरेको बताउनु भयो। उहाँले विज्ञान अनि परंपरा तथा ज्ञान अनि जीवनको अनुभव बीच सेतु बनाउने महत्व माथि बल दिनुभयो।

## गुजरात एसआईआर

गुजरातमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण कार्य लगभग पूरा भएको छ अनि मसौदा सूचीको प्रकाशन भोलि गरिनेछ। 27 अक्तूबर देखि शुरू भएको राज्यव्यापी अभियान अंतर्गत राज्यको सबै 33 जिल्ला अनि 182 विधानसभाहरुमा सत्यापन कार्य शत-प्रतिशत पूरा भएकोछ।गुजरातका मुख्य निर्वाचन अधिकारीले बताए अनुसार भोलि मसौदा मतदाता सूची सार्वजनिक भएपछि  आपत्तिहरु दाखिल गर्ने अवधि 19 दिसंबर 2025 देखि 18 जनवरी 2026 सम्म राखिएको छ।

हाम्रो संवाददाताको एक रिपोर्ट.......

## लोक सभा-ओटीटी

केंद्रीय सूचना अनि प्रसारण राज्य मंत्री डॉ. एल. मुरुगनले भन्नुभयो ओटीटी कंटेंट केन्द्रीय फिल्म प्रमाणन बोर्डे -सीबीएफ सी को अधिकार क्षेत्र भन्दा बाहिर रहनेछ। लोकसभामा एक प्रश्नको लिखित उत्तरमा, डॉ. मुरुगनले भन्नुभयो ओटीटी सामग्री सूचना प्रौद्योगिकी (इंटरमीडियरी गाइडलाइंस और डिजिटल मीडिया एथिक्स कोड) नियम, 2021 को भाग तीनको प्रावधानहरु अन्तर्गत विनियमित हुनेछ। उहाँले भन्नुभयो, आचारनीति संहिता अन्तर्गत ओटीटी प्लेटफॉर्महरु कानूनद्वारा प्रतिबंधित सामग्री देखाउनबाट बाच्न पर्नेछ अनि दिशानिर्देश अनुसार कंटेंटलाई उमेरको आधारमा वर्गीकरण गर्न पर्नेछ। उहाँले भन्नुभयो यो नियम कंटेंटसित संबंधित मानदंडहरुको पालन सुनिश्चित गर्न अनि सार्वजनिक शिकायतहरु दूर गर्न त्रि-स्तरीय संस्थागत तंत्र रूपरेखाले संचालित छ। डॉ. मुरुगनले ओटीटी कंटेंटसित संबंधित शिकायतहरुलाई निवारण तंत्रको स्तर-एक अन्तर्गत उचित कार्यवाहीका लागि संबंधित ओटीटी प्लेटफॉर्महरुलाई पठाईने छ, जुन सामग्री प्रदर्शकद्वारा स्व नियंत्रित हुनेछ। उहाँले भन्नुभयो केन्द्रीय फिल्म प्रमाणन एक वैधानिक प्राधिकरण हो जसलाई सिनेमैटोग्राफ अधिनियम, 1952 अन्तर्गत सार्वजनिक प्रदर्शनका लागि सिनेमैटोग्राफिक फिल्महरुको जांच अनि प्रमाणनका लागि स्थापित गरिएको हो।

## संयुक्त संसदीय समिति बैठक

भाजपा सांसद पी पी चौधरीको अध्यक्षतामा हिजो नयाँ दिल्लीमा एक राष्ट्र एक चुनावसित संबंधित कानूनमाथि गठित संयुक्त संसदीय समितिको बैठक भयो। समितिले, संविधान - एक सय उनतीस औ संशोधन विधेयक 2024 अनि केंद्र शासित प्रदेश कानून संशोधन विधेयक 2024 को जांच गरिरहेको छ। अंतर्राष्ट्रीय मुद्रा कोषको पहिलो उप प्रबंध निदेशक, गीता गोपीनाथ अनि प्रधानमंत्रीको आर्थिक सलाहकार परिषदका सदस्य संजीव सान्याल पनि बैठकमा उपस्थित थिए।

**बैडमिंटन**

बैडमिंटनमा भारतका सात्विकसाईराज रंकीरेड्डी अनि चिराग शेट्टीको पुरूष डबल्स जोड़ी आजले इंडोनेशियाको फजर अल्फियान अनि मुहम्मद शोहीबुल फिकरीको सामना गर्नेछ। यस भिडन्त चीनको हांगझोउमा चलिरहेको बीडब्ल्यूएफ वर्ल्ड टूर फाइनल्समा, सेमीफाइनलमा पुग्नको निम्ति महत्वपूर्ण छ। भारतीय जोडीले आफ्नो अभियानको शुरूआत ग्रुप बी को पहिलो म्याचमा चीनको चांग वांग अनि वेई केंग लियांग बिरुद्ध जीतको साथ गरेको थियो।

****** ० ******